म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १६२ | मंगलबार, १३ माघ २०८२ | ने. सं. ११४६ पोहेलागा | 27 January 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### निर्वाचनको तयारी र निर्वाचन आचारसंहिता कार्यान्वयन विषयमा अन्तरक्रिया

# 'हरित जिल्लामा वातावरणमैत्री तरिकाले चुनावी प्रचारप्रसार गरौँ'

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको चुनावलाई लक्षित गर्दै सोमबार हेटौंडामा निर्वाचनको तयारी र निर्वाचन आचारसंहिता कार्यान्वयन विषयमा अन्तरक्रिया सम्पन्न भएको छ ।

मुख्य निर्वाचन अधिकृत एवम् निर्वाचन अधिकृत कार्यालयको आयोजनामा भएको अन्तरक्रियामा मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, क्षेत्र नं. १ र २ का उम्मेदवार, सञ्चारकर्मीलगायत विभिन्न सरोकारवाला व्यक्तिको उपस्थिति रहेको थियो । अन्तरक्रियामा बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरि ढकालले राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठनले पालना गर्नुपर्ने आचारसंहिताको विषयमा प्रस्तुतीकरण राखेका थिए ।

दलहरुले एउटै समयमा एकै ठाउँमा कार्यक्रम गर्न नहुने, अरुको कार्यक्रममा बाधा पुऱ्याउन नहुने, तोकिएको समयसीमाभित्र गर्नुपर्ने, प्रशासनलाई २४ घण्टा अगावै जानकारी गराउनुपर्ने लगायतको विषयमा उनको प्रस्तुतिकरणमा उल्लेख गरिएको छ । ढकालका अनुसार निर्वाचनको समयमा सरकार र सार्वजनिक संस्थाका सवारीसाधन कुनैपनि उम्मेदवारको पक्षमा प्रयोग गर्न पाईंदैन । प्रयोग गरेको पाइए सवारीसाधन समेत जफत गरी १ लाख रुपैयाँसम्म जरिवाना वा उम्मेदवारी समेत खारेज हुने उनले बताए ।

त्यसैगरी उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार प्रसार गर्दा कम्तिमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चारपटक र एकपटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने, पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७/७ इन्चसम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने व्यवस्था गरिएको छ ।



निर्वाचन पर्यवेक्षणले प्रचलित कानून, आचारसंहिता उल्लंघन गरेमा, कुनै उम्मेदवार वा राजनीतिक दलप्रति झुकाव देखिने व्यवहार प्रस्तुत गरेमा आयोगले त्यस्तो संस्थाको अनुमतिपत्र खारेज गर्नसक्ने, सरकारी कर्मचारी, पदाधिकारी, प्राध्यापक, शिक्षक आदिलाई पर्यवेक्षकको रुपमा खटाउन नहुने व्यवस्था आचारसंहितामा गरिएको प्रमुख ढकालले बताए ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले आचारसंहितालाई पालना गराउन आयोग देखि प्रशासन कठोर ढंगले अघि बढ्नुपर्ने बताएका छन् । प्रमुख राजनीतिक दल र अन्य दलहरुबीच विभेदपूर्ण व्यवहार नहोस् भन्ने तर्फ पनि सचेत रहनुपर्ने उनीहरुको धारणा छ । राजनीतिक दलका प्रतिनिधिहरुले निर्वाचन आचारसंहिताको पालनामा आफ्नो दल पूर्ण रुपमा प्रतिबद्ध रहेको बताए ।

**"आचारसंहिता विशुद्धरूपले उम्मेदवारको नैतिकतासँग जोडिएको विषय"**

निर्वाचनअधिकृत देवेन्द्र आचार्यले निर्वाचन आचारसंहिता उम्मेदवारको नैतिकतासँग सम्बन्धित रहेको बताए । आचारसंहितालाई दण्डात्मक भन्दा पनि सुधारात्मक पक्षको रुपमा बुझ्न उनले आग्रह गरे । उनले विगतको निर्वाचनहरु भन्दा यही धेरै सुधार हुँदै गएको बताए ।

त्यसैगरी प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले आचार संहिता कार्यान्वयनको सवालमा दलहरु जिम्मेवार बन्दै गएको बताएका छन् । हरित नगरी हेटौंडामा हरित आचारसंहिताको दलहरुले पूर्णकार्यान्वयनमा गर्नेमा पनि आफू विश्वस्त रहेको उनले बताए । प्रजिअ अधिकारीले सरकारी सवारी साधन उम्मेदवारले प्रयोग गरेको पाइए प्रशासन कडा रुपमा प्रस्तुत हुने उल्लेख गरेका छन् ।

निर्वाचनको समयमा हुनसक्ने सम्भावित घटनादेखि काल्पनिक घटनाको विषयमा प्रशासनले दिनँहु जस्तो छलफल गरिरहेको उनले बताए । प्रजिअ अधिकारीले मकवानपुरमा भयरहित र निष्पक्ष ढंगले चुनाव सम्पन्न हुने बताउँदै सुरक्षाको दृष्टिकोणले प्रशासन पूर्णरुपमा सर्तक रहेको बताए । अन्तरक्रियामा मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले निर्वाचन आचारसंहिता विशुद्धरुपले उम्मेदवारको नैतिकता, आचरण र व्यवहारसँग सम्बन्धित विषय भएको बताइन् । हरित जिल्लामा वातावरणमैत्री तरिकाले चुनावी प्रचारप्रसार गर्न उनले आग्रह गरिन् ।

जात, धर्म, समुदायको नाममा द्वेषपूर्ण अपमानजनक व्यवहार गर्न नहुने उनको भनाई छ । मुख्य निवार्चन अधिकृत श्रेष्ठले विषम परिस्थितिमा हुन लागेको चुनावमा आचारसंहिताको विगतको तुलनामा व्यवस्थित तरिकाले परिपालना हुनेमा आफू विश्वस्त रहेको बताइन् । भ्रामक र मिथ्या प्रचारलाई रोक्नले सबैले आआफ्नो तर्फबाट भूमिका खेल्नुपर्ने उनले जोड दिइन् । अधिकृत श्रेष्ठले आचारसंहितालाई धर्म सम्झेर पालना गर्न उम्मेदवारलाई आग्रह गरिन् । कानुनको दायरामा आएर जवाफ दिनुपर्ने गरी चुनावी प्रचारप्रसारको गतिविधि नगर्न पनि उनले अनुरोध गरिन् ।

निर्वाचनको समयमा आर्थिकक्षेत्रको अनुगमन गर्ने जिम्मेवारी प्रदेश कोष तथा लेखानियन्त्रक कार्यालय र व्यवहारगत् आचारणको अनुगमन सहायक प्रमुख जिल्ला अधिकारीले गर्ने उनले जानकारी दिइन् । २ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा ४४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । निर्वाचन क्षेत्र नम्बर १ बाट १३ राजनीतिक दलका उम्मेदवार र १० जना स्वतन्त्र गरी कुल २३ जनाको उम्मेदवारी परेको थियो भने निर्वाचन क्षेत्र नम्बर २ बाट १६ राजनीतिक दलका उम्मेदवार र ५ जना स्वतन्त्र गरी २१ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

# २ हजार २५ सदस्यीय निर्वाचन परिचालन समिति गठन



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/नेकपा एमाले, जिल्ला कमिटी मकवानपुरको बैठकले मकवानपुर ईञ्चार्ज तथा प्रतिनिधिसभाका उम्मेद्वार रामेश्वर रानाको संयोजकत्वमा २ हजार २५ सदस्यीय प्रतिनिधिसभा निर्वाचन परिचालन समिति २०८२ गठन गरेको छ ।

आगामी फागुन २१ गते हुने निर्वाचनको लागि परिचालन समितिमा केन्द्रीय कमिटी सदस्य, केन्द्रीय निकायका सदस्य, प्रदेश कमिटी, प्रदेश निकाय सदस्य, जिल्ला कमिटी सदस्य, जिल्ला लेखा कमिटीका सदस्य, जिल्ला सल्लाहकार सदस्य, जेष्ठकम्युनिष्ट मञ्चका सदस्य, पालिका तथा ईलाका कमिटी सदस्य, पालिका लेखा कमिटीका सदस्य, वडाकमिटीका पदाधिकारी, निर्वाचित जनप्रतिनिधि सबै, जनसंगठनका केन्द्र, प्रदेश, जिल्ला, पालिका पदाधिकारी, स्ववियुमा निर्वाचित पदाधिकारी र सदस्य जिल्ला निर्वाचन परिचालन कमिटीमा रहेका छन् ।

निर्वाचन परिचालन कमिटीको सचिवमा पार्टी जिल्ला उपाध्यक्ष हिदम लामा रहेका छन् भने ७७ सदस्यीय निर्वाचन परिचालन कमिटीको सचिवालय समिति गठन गरिएको जिल्ला उपाध्यक्ष लामाले जानकारी दिए । पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको संयोजकत्वमा निर्वाचन परिचालन अनुगमन समिति, प्रतिनिधिसभा १ नं. क्षेत्र निर्वाचन परिचालन समितिको संयोजक एकालाल श्रेष्ठ, सहसंयोक नवीन सिग्देल र कमल विष्ट, सचिव अनिल बानियाँ र प्रतिनिधिसभा २ नं. क्षेत्र निर्वाचन परिचालन समितिको संयोजक भारती पाठक, सहसंयोजक बलराम बल र राजाराम स्याङ्तान र सचिव मेम्मर लोलाई जिम्मेवारी दिईएको छ ।

निर्वाचन परिचालनको प्रचार समिति संयोजक नवीन सिग्देल, अनन्त पौडेलको संयोजकत्वमा निर्वाचन घोषणा पत्र निर्माण समिति, आर्थिक व्यवस्थापन संयोजक गोपाल श्रेष्ठ, प्रशासनिक संयोजन हिदम लामा, जनसाँस्कृतिक संयोजक देवराज रिमाल, प्रचारसामग्री व्यवस्थापन संयोजक सीता विष्ट, कार्यालय सञ्चालन व्यवस्थापन आरती पाठक, भुगोल बाहिर रहेका मतदाता समन्वय समिति फूर्वादोर्जे लामा, कानुनी परामर्श संयोजक मदन दाहाल, उम्मेदवार फोकल पर्सन १ नं. क्षेत्र दिलु घर्ती, २ नं. क्षेत्र आशिष अस्लामी रहेका जानकारी गराइएको छ ।

बैठकले १० वटा पालिका, २ ईलाका कमिटी र १ सय २ वटा वडामा समेत निर्वाचन परिचालन समितिको संयोजक, सहयोजक र सचिव तोकेको छ भने माघ महिनाभित्र सबै जनसंगठनको जिल्ला र पालिकास्तरमा निर्वाचन सहयोग समिति बनाउने र १० पालिका, २ ईलाकामा र १ सय २ वडामा निर्वाचन परिचालन समितिको कार्यालय स्थापना गरी कार्य अगाडि बढाउने निर्णय गरेको उपाध्यक्ष लामाले जानकारी दिए । उपाध्यक्ष लामाको अध्यक्षतामा बसेको बैठकमा पार्टी केन्द्रीय सचिव महेश बस्नेतको प्रमुख आथित्यता, केन्द्रीय सदस्य रामेश्वर राना, महेशकुमार बर्तौला, भारती पाठक, एकालाल श्रेष्ठ, केन्द्रीय लेखा आयोगका सदस्य नवीन सिग्देल, प्रदेश कमिटीका अध्यक्ष कैलाश ढुंगेल, प्रदेश कमिटीका उपसचिव भक्तकुमारी लामालगायत प्रदेश कमिटीका सदस्यको आथित्यता रहेको थियो ।






# सडक विस्तारसम्बन्धी मुद्दामा मिसिल झिकाउने आदेश



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडा बजारक्षेत्रको सडक विस्तार विवादसम्बन्धी मुद्दामा मिसिल झिकाउने आदेश भएको छ । सोमबार सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र शान्तिसिंह थापाको संयुक्त इजलासले यसअघि मागेको मिसिल फाइल नआएकाले सडक विस्तारसँग सम्बन्धित निर्णयका मिसिल झिकाउन आदेश जारी भएको सर्वोच्चका सूचना अधिकारी निराजन पाण्डेले जानकारी दिए ।

डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय मकवानपुर लगायत निकायले सडक विस्तार गर्ने प्रक्रिया अघि बढाएपछि सम्पत्तिको अधिकार र मुआब्जाको माग गर्दै मङ्सिर १६ मा स्थानीय पीडित सर्वोच्च पुगेका थिए । सडक विभाग, सहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई समेत विपक्षी बनाएर दायर गरेको रिटमा सर्वोच्चले मङ्सिर ९ गते अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

यो मुद्दामा मङ्सिर २६ मा पेसी तोक्दै न्यायाधीश मेघराज पोखरेलको इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै अल्पकालीन अन्तरिम आदेश दिएको थियो । मंसिर २६ गते न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले अन्य आदेश 'मिसिल झिकाउने आदेश' जारी गरेको थियो ।

### कार्यकर्ता भेट्दै मकवानपुर कांग्रेसका उम्मेदवार

# 'मुलुकको नेतृत्व युवापुस्ताको काँधमा'



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ नेपाली कांग्रेस मकवानपुरले आगामी फागुन २१ गते हुन गैरहेको निर्वाचनको सन्दर्भमा कार्यकर्ता भेटघाट अभियानलाई तीव्र पारेको छ ।

यसैक्रममा मकवानपुरको भैंसेमा आयोजित एक कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका उम्मेदवारले कार्यकर्तासँग भेटघाट तथा छलफल गरेका छन् । छलफलमा बोल्दै नेपाली कांग्रेसकी निवर्तमान सहमहामन्त्री एवं मकवानपुर क्षेत्र नम्बर १ की उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले पार्टीले समावेशितालाई उच्चप्राथमिकतामा राखेको बताइन् । 'नेपाली कांग्रेस सबै जाति, धर्म र समुदायको सम्मान गर्ने पार्टी हो । हामीले युवाशक्तिको प्रतिनिधित्व गर्दै गगन थापालाई प्रधानमन्त्रीको रुपमा अघि सारेका छौं' उनले भनिन् ।

यस्तै, नेपाली कांग्रेस मकवानपुरका सभापति एवं मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार बुद्ध लामाले अबको मुलुकको नेतृत्व युवापुस्ताको काँधमा आएको बताए ।

'अन्तर्राष्ट्रियरुपमा समेत सर्वस्वीकार्य नेता गगन थापालाई प्रधानमन्त्री बनाउन हामी चुनावमा होमिएका छौं, लामाले भने, 'जनतालाई सुखशान्तिको अनुभूति गराउन र तीव्र विकासका लागि अब गगनलाई प्रधानमन्त्री बनाउनु अपरिहार्य छ ।' कार्यक्रममा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य उमा दाहालले मकवानपुरको समग्र विकासका लागि कांग्रेसका उम्मेदवारलाई विजयी बनाउन आह्वान गरिन् ।

नेपाली कांग्रेसको समानुपातिक उम्मेदवार शर्मिला श्रेष्ठ, जिल्ला सचिव ईश्वर पाठक, जिल्ला कार्यसमिति मकवानपुरको अनुशासन समिति संयोजक प्रभात दाहाल, भीमफेदी गाउँपालिका सभापति सञ्जिव श्रेष्ठ, महाधिवेशन प्रतिनिधि निलम देवकोटा, निर्वाचन परिचालन मुल समितिका सदस्य यतीराज सापकोटालगायतको उपस्थिति रहेको थियो ।

नेपाली कांग्रेस वडा नम्बर ५ का सभापति अंकित पुडासैनीको मन्तव्यबाट सुरु भएको कार्यक्रममा नेकपा एमाले लगायत विभिन्न पार्टी परित्याग गरी ११ जना नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेका छन् ।

साझाकुरा

## हाम्रो कुरा

# ज्येष्ठ नागरिकको मत

मुलुक निर्वाचनको संघारमा छ । ग्रामीण क्षेत्रमा पुर्ख्यौली थाकथलो छोडेर स्वास्थ्य उपचारका लागि सहरी क्षेत्रमा स्वास्थ्यउपचारका लागि बसेका जेष्ठनागरिकले मतदान गर्न पुरानै ठाउँमा जानुपर्ने अवस्था छ । स्वास्थ्यउपचार सुबिधा उपलब्ध भएकै कारण कतिपय जेष्ठनागरिक सहर केन्द्रित भएका छन् । तर, अधिकांश जेष्ठनागरिक भने गाउँमै रमाइरहेका छन् । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा ज्येष्ठनागरिकको वार्षिक वृद्धिदर ३ दशमलब २९ प्रतिशत रहेको छ । राष्ट्रिय समावेशी आयोगले बृद्धाश्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आधार र मापदण्ड विषयमा २०७८ को जनगणनाअनुसार नेपालको कूल जनसंख्याको वार्षिक वृद्धिदर ० दशमलब ९२ प्रतिशत रहँदा ज्येष्ठनागरिकको वार्षिक वृद्धिदर भने ३ दशमलब २९ प्रतिशत रहेको जानकारी दिएको छ । २०५८ को जनगणनाअनुसार नेपालमा ज्येष्ठ नागरिकको संख्या कुल जनसंख्याको ६ दशमलब ५ प्रतिशत अर्थात् १५ लाख, २०६८ मा ८ दशमलब १३ प्रतिशत अर्थात् २१ लाख ५४ हजार र २०७८ मा १० दशमलब २१ प्रतिशत अर्थात् २९ लाख ७० हजार रहेको छ । नेपालमा ८५ प्रतिशत भन्दा बढी ज्येष्ठनागरिक ग्रामीण क्षेत्रमा बस्ने गरेको पाइएको छ ।

ग्रामीणक्षेत्रमा बस्ने अधिकाशं ज्येष्ठनागरिक कृषिपेशामा आबद्ध रहेको र अवसरबाट वञ्चित हुन पुगेको आयोगले जानकारी दिएको छ । अशिक्षा र कमजोर खानपानको कारण ज्येष्ठनागरिकमा पोषणको समस्या देखिने गरेको छ । ६५ वर्षभन्दा माथिको उमेरका ज्येष्ठनागरिकमध्ये ४७ प्रतिशत ज्येष्ठनागरिक आर्थिकरुपमा सक्रिय रहेको आयोगको अध्ययनले देखाएको छ । ८० प्रतिशत भन्दा बढी ज्येष्ठनागरिक छोरासँग बस्ने गरेको र छोरीसँग बस्ने ज्येष्ठनागरिकको अनुपात २ दशमलब ७ प्रतिशत रहेको छ । कूल ज्येष्ठनागरिकको संख्यामा ९ दशमलब ११ प्रतिशत विधुर र २४ दशमलब ९४ प्रतिशत विधवा ज्येष्ठनगरिक रहेका छन् । ज्येष्ठनागरिकको जीवनयापनमा समस्या देखिएमा पालनपोषणको कर्तव्य भएको व्यक्तिको आम्दानीबाट मासिकरुपमा सम्वन्धित ज्येष्ठनागरकको खातामा रकम जम्मा गर्न लगाउने, उजुरी लिने, मेलमिलाप गराउनुपर्ने जस्ता कार्य गर्न स्थानीय तहलाई आयोगले आग्रह गरेको छ । ज्येष्ठनागरिकको ज्ञान, सीप, क्षमता र अनुभवको उपयोग गर्ने खालको नीति ल्याउन आयोगले सरकारलाई सिफारिस गरेको छ । ज्येष्ठ नागरिकमैत्री पूर्वाधार र सुविधा विस्तार गरी स्वास्थ्यसेवा र सार्वजनिक यातायातमा सुविधाको प्रबन्ध गर्न सिफारिस गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले ज्येष्ठनागरिकको लागि वडास्तरीय तथा नगरस्तरीय जेष्ठनागरिक मञ्च गठन गरेको, अन्तरपुस्ता सीप हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । जेष्ठनागरिकको सवालमा सरकार परिवर्तन भएपिच्छे नीति पनि परिवर्तन भएको गुनासो छ । सामाजिकसुरक्षा भत्ताको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा कतिपय ज्येष्ठनागरिक छुट्ने गरेको उनीहरुले बताएका छन् ।

स्वास्थ्यउपचारमा छुट दिने व्यवस्था भएपनि त्यो पूर्णरुपमा कार्यान्वयन हुन नसकेको उनीहरुले बताएका थिए । बृद्धाश्रममा भएको ज्येष्ठनागरिकको नागरिकता बनाउन समस्या पर्ने गरेकोले त्यसको सहजीकरण सरकारले गर्नुपर्ने उनीहरुको भनाई थियो । ज्येष्ठनागरिकको हकअधिकारबारे बोल्ने मञ्च प्रदेशस्तरमै गठन गर्न माग गरेका छन् । तीनै तहको सरकारले ज्येष्ठनागरिक, बालबालिकाको लागि पनि बजेट छुट्याउनु पर्ने उनीहरुले बताए । सरकारले निर्माण गरेका वृद्धाश्रमका भौतिक संरचना कमजोर छन् । केही नभएका र कोही नभएकाको अभिभावकत्व सरकारले लिनुपर्ने, अवसर र पहुँचबीचमा रहेको पर्खाल तोड्नुपर्ने माग छ । जनतासँग सबैभन्दा पहिले भेटिने सरकार स्थानीय सरकार भएकोले पछाडि परेको बर्गलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्न माग गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १४ गते बुधबार २८ जनवरी २०२६ । दशमी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५५ सूर्यास्त ५:४० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद हुन सक्ने | तुला | : व्यापारबाट फाइदा हुनेछ |
| वृष | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | वृश्चिक | : मन प्रशन्न हुने देखिन्छ |
| मिथुन | : आफन्तको सहयोग मिल्नेछ | धनु | : नयाँ काम गर्न जागर आउनेछ |
| कर्कट | : यात्राको लागि राम्रो समय छ | मकर | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| सिंह | : सोचेजस्तो सहयोग मिल्नेछैन | कुम्भ | : पढाइमा सहयोग मिल्नेछ |
| कन्या | : समय पूजापाठमा बित्नेछ | मीन | : रिसाउने बानीले हानि पुग्नेछ |

# नेपालमा रणनीतिक मतदान किन जरूरी छ ?



✍डा. जगन कार्की

नेपाल आम निर्वाचनको सँघारमा उभिएको छ । जेनजी आन्दोलने दिएको राजनीतिक झट्कापछि करिब ४० दिनमै हुने यो चुनाव केवल सत्ता परिवर्तनको प्रक्रिया होइन, नेपाली लोकतन्त्र कुन दिशामा अघि बढ्छ भन्ने ऐतिहासिक निर्णय हो । नेपालले तीन दशकभन्दा बढी समयदेखि बहुदलीय लोकतन्त्रको अभ्यास गर्दै आएको छ । तर यथार्थ के हो भने, लोकतन्त्र दलको झन्डामै सीमित रहँदै आएको छ । दलहरूभित्र आन्तरिक लोकतन्त्र कमजोर, नेतृत्व चयन अपारदर्शी र सत्तामा पुग्नेबित्तिकै जनताका मुद्दा गौण छन् ।

यही पृष्ठभूमिमा नेपाली कांग्रेसभित्र भएको नेतृत्व परिवर्तनलाई सामान्य राजनीतिक घटना ठान्न मिल्दैन । पार्टीको विधान अनुसार ५० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूको मागमा बोलाइएको विशेष महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित हुनु र पाँच पटक प्रधानमन्त्री भइसकेका शेरबहादुर देउवालाई पराजित गर्नु नेपाली राजनीतिमा दुर्लभ घटना हो । यो परिवर्तनले यदि तल्लो तह सङ्गठित भए दलभित्र पनि लोकतान्त्रिक हस्तक्षेप सम्भव छ भन्ने पुष्टि गरेको छ । गगन थापा र विश्वप्रकाश शर्मा जस्ता नेताहरूको उदयले कांग्रेस मात्र होइन, समग्र राजनीतिमा नयाँ पुस्ताको आकाङ्क्षा प्रतिनिधित्व गर्छ ।

ओली नेतृत्वको नेकपा एमालेमा आन्तरिक लोकतन्त्र ठप्प जस्तै देखिन्छ । सामाजिक सञ्जाल प्रतिबन्धपछि शुरु भएको जेनजी आन्दोलनमा ७६ युवाको ज्यान गएको घटनाको नैतिक जिम्मेवारी लिनु त परै जाओस्, ओलीले परिवर्तनको लहरलाई नै अस्वीकार गरे । यस्तै, पुष्पकमल दाहाल 'प्रचण्ड'को राजनीति पनि विचारभन्दा सत्ताकेन्द्रित सम्झौतामा अल्झिएको छ । सत्ता जोगाउन विचार त्यागने र अवसर अनुसार गठबन्धन बदल्ने प्रवृत्ति अझै कायम छ । यही परिवेशमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगरका मेयर बालेन शाह जस्ता पात्रहरूले राजनीतिक बहसलाई नयाँ दिशातर्फ मोडेका छन् । झापा-५ बाट ओलीलाई चुनौती दिने बालेन शाहको कदम सजिलो छैन, तर यसले 'अजेय' मानिएका नेताहरू पनि चुनौतीबाट मुक्त छैनन् भन्ने सन्देश दिएको छ ।

गगन थापा, रवि लामिछाने र बालेन शाह– तीनै फरक दल र पृष्ठभूमिका भए पनि एउटै पुस्ताको आवाज हुन् । उनीहरूले भ्रष्टाचार, सत्ताको दुरुपयोग र अलोकतान्त्रिक अभ्यासलाई सार्वजनिक रूपमा चुनौती दिएका छन् । तर समस्या यहीं छह यी पात्र बीच हुने आपसी आलोचना र व्यक्तिगत आक्रमणले अन्ततः कसलाई फाइदा पुगेको छ ? उत्तर स्पष्ट छ– देउवा, ओली र प्रचण्डलाई । यी तीनै नेता आपसमा जति लडे जस्तो देखिए पनि, व्यवहारमा उनीहरूले एक-अर्कालाई बचाउने संरचना बनाएका छन् । ठूला भ्रष्टाचार प्रकरण, सत्ता दुरुपयोग र नीतिगत असफलताबाट जोगिन उनीहरू बीच मौन समझदारी देखिन्छ । आवश्यक परे ठूला दलको गठबन्धन बनाएर प्रधानमन्त्री बन्ने बाटो उनीहरूका लागि सधैं खुला छ । जब सुधारवादी नेताहरू आपसमा भिड्छन्, तब भ्रष्टहरू सुरक्षित हुन्छन् ।

लोकतन्त्रमा सत्ता र शक्ति नै प्रमुख हो र यो प्राप्त गरेपछि देश अनि जनताका चाहना विपरीत मनपरी भ्रष्टाचार गर्ने 'लाइसेन्स' प्राप्त हुन्छ भन्ने मान्यताले चलिरहेको नेपालको अभ्यासमा लोकतन्त्रको बलियो जग बसाउन तथा दलतन्त्रको गढ भत्काउन एउटा उपाय बन्न सक्छ– रणनीतिक मतदान (ट्याक्टिकल भोटिङ) ।

### के हो ट्याक्टिकल मतदान ?

ट्याक्टिकल मतदान भन्नाले मतदाताले आफूलाई सबैभन्दा मन पर्ने दल वा उम्मेदवारलाई होइन, आफूलाई मन नपरेको परिणाम रोक्न सबैभन्दा सक्षम विकल्पलाई मत दिनु हो । यो विशेषगरी प्रत्यक्ष निर्वाचन प्रणाली 'फर्स्ट-पास्ट-द-पोस्ट' प्रति मतदाताले देखाएको व्यावहारिक प्रतिक्रिया हो । ट्याक्टिकल मतदान लोकतन्त्रको विकृति होइन, राजनीतिक सचेतनाको सङ्केत हो– जहाँ मतदाताले परिस्थितिको मूल्याङ्कन गरी उपलब्ध नियमभित्र रणनीतिक निर्णय लिन्छन् । यो वैध भए पनि, यसले लोकतन्त्रमा विकल्प सीमित भएको सन्देश दिन्छ । यसले मतदाताको गल्ती होइन, तर उनीहरूलाई यस्तो निर्णय गर्न बाध्य बनाउने प्रणालीमाथि गम्भीर प्रश्न भने उठाउँछ ।

फ्रान्स, मलेसिया, ब्राजिल र चिली जस्ता देशहरूमा सुधारवादी शक्तिहरूले अस्थायी तर रणनीतिक गठबन्धन बनाएर दीर्घकालीन सत्तामा बसेका भ्रष्ट शक्तिलाई चुनौती दिएका उदाहरण छन् ।

### रणनीतिक मतदानः बेलायतको पाठ

रणनीतिक मतदान लोकतन्त्र जोगाउने शक्तिशाली औजार हो । यसको उत्कृष्ट उदाहरण बेलायत हो । बेलायतमा लेबर पार्टी, लिबरल डेमोक्रेट्स र ग्रिन पार्टी बीच औपचारिक गठबन्धन नभए पनि धेरै निर्वाचन क्षेत्रमा मतदाताले 'कसले कन्जरभेटिभलाई हराउन सक्छ ?' भन्ने प्रश्नलाई प्राथमिकता दिएका थिए । दुई वर्षअघि बेलायतमा भएको चुनावमा करिब १९ प्रतिशत मतदाताले आफूले मन पराएको दल जिताउन होइन, अर्को दललाई रोक्न मतदान गरेको देखिन्छ । लेबर समर्थकले लिब डेम उम्मेदवारलाई र ग्रिन समर्थकले लेबरलाई मतदान गरेका उदाहरण प्रशस्तै छन् ।

यस्तो मतदानलाई सहज गर्न सम्बन्धित दलहरूले वेबसाइट र एपहरू बनाएर मतदातालाई जोड्ने र मत साटासाट गराएको देखिन्छ । नेपालमा यसरी अनलाइन गतिविधि चुनौतीपूर्ण देखिए पनि दलहरूले संयन्त्र बनाएर आन्तरिक सूचना मार्फत यसो गर्न सक्ने देखिन्छ । यसलाई उदाहरणको रूपमा यसरी लिन सकिन्छ: बालेन शाहलाई कांग्रेसले झापा-५ मा मत हाल्ने र सर्लाही-४ मा रास्वपाले गगनलाई मतदान गर्ने । यसमा सहभागी क्षेत्रका निष्क्रिय बनाइएका उम्मेदवारहरूलाई राष्ट्रिय सभा वा अन्य स्थानमा अवसरको सुनिश्चितता गरिदिने ।

### नेपालमा रणनीतिक मतदान किन जरूरी छ ?

नेपालमा एउटै भ्रष्ट उम्मेदवार विरुद्ध तीन-चार आशालाग्दा सुधारवादी उम्मेदवार उठेर एक-अर्काको मत काटाकाट गर्दा अन्ततः सधैं जितिरहने भ्रष्ट नेता नै सफल हुन्छन् । दम्भ र अहङ्कार भरिएका ओली र सत्ताका लागि जेसुकै गर्ने प्रचण्ड बीच कम्युनिस्ट एकताका नाममा चुनावको १-२ साताअघि गठबन्धन बन्न सक्ने प्रबल सम्भावना छ । एमालेमा भएको आन्तरिक कारबाही र अन्य चुनौतीका कारण उनीहरू रातारात अघोषित रणनीति ल्याउन सक्छन् । एक पटक केपी ओलीले अत्यधिक बहुमतको सरकारलाई नै निष्प्रभावी बनाइसकेको अवस्थामा फेरि प्रचण्ड र ओलीलाई सत्तामा पुऱ्याउने त्यो रणनीति देशका लागि प्रत्युत्पादक बन्न सक्छ ।

### रणनीतिक सहकार्यको आवश्यकता

७६ जना 'जेनजी' हत्याका प्रमुख दोषीहरूलाई छानबिन समितिको म्याद थपको नाममा उम्काउने प्रपञ्च भइरहेको छ । यिनीहरू नै सत्तामा पुगे फेरि जेल जान नपर्ने मान्छे जेल जाने र जेल जानुपर्ने मान्छे सरकारमा पुग्ने देखिन्छ । अदालत र प्रशासन मूकदर्शक बनेपछि अब जनताले नै मत मार्फत हत्याराहरूलाई पराजित गरेर पहिलो कारबाही गर्ने र आफूले चाहेको व्यक्तिलाई सरकारमा ल्याएर कानूनी कारबाही गर्ने मार्ग सिर्जना गर्ने गतिलो अवसर छ । जेनजी युवाका दोषी, गिरीबन्धु र भुटानी शरणार्थी काण्डका दोषीलाई जेल हाल्न रवि, बालेन र गगन बीच तालमेलको गज्जब अवसर आएको छ । भ्रष्ट समूह र तिनका मतियार जहाँ-जहाँ छन्, छानी-छानी दण्ड दिने अवसर जनतालाई आएको छ ।

रवि र गगनलाई भिडाएर सत्तामा लुट मच्चाइरहेकाहरूको व्यापार बन्द गर्ने यो उपयुक्त समय हो । उसै पनि यो मिश्रित निर्वाचन प्रणालीमा कसैको स्पष्ट बहुमत आउनेवाला छैन । मिलिजुली सरकार नै बन्नुपर्ने भएपछि चुनावअघि रणनीतिक सहकार्य अब विकल्प होइन, बाध्यता बनेको छ ।

### ट्याक्टिकल भोटका लागि उच्चस्तरीय संयन्त्र

एक उच्चस्तरीय संयन्त्र बनाएर निम्न अनुसार काम गर्न सकिन्छ:

१. कुन निर्वाचन क्षेत्रमा सहकार्य सम्भव छ भन्ने वस्तुगत मूल्याङ्कन ।
२. उम्मेदवारको जित्ने सम्भावना, लोकप्रियता र विश्वसनीयता विश्लेषण ।
३. जेनजी आन्दोलन र लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धता परीक्षण ।
४. स्थानीय मतदातामा 'आशा' जगाउन सक्ने क्षमता मापन ।

रणनीतिक सहकार्यको केन्द्रमा व्यक्ति होइन, मूल्य हुनुपर्छ । साझा मापदण्ड स्पष्ट हुनुपर्छ– भ्रष्टाचारसँग जोडिएका पात्रहरूलाई पराजित गर्ने र 'जेनजी' आन्दोलनका उपलब्धि विरुद्ध उभिएका शक्तिलाई रोक्ने । यी मापदण्ड पूरा गर्ने उम्मेदवार चाहे कांग्रेस, रास्वपा वा अन्य दलका हुन्, सबै पक्षबाट समर्थन पाउन योग्य हुनुपर्छ । रणनीतिक सहकार्यको पहिलो शर्त नै गगन, रवि र बालेन बीच व्यक्तिगत आक्रमण रोक्नु हो । आलोचना नीतिमा केन्द्रित हुनुपर्छ, व्यक्तिमा होइन । एक समय थियो, जब भ्रष्ट नेताहरू सत्ता कब्जा गर्न एकजुट हुन्थे । आज प्रश्न उल्टिएको छ– यदि देउवा, ओली र प्रचण्ड सत्ता जोगाउन समझदारी गर्न सक्छन् भने गगन, रवि र बालेन असल उद्देश्यका लागि किन सक्दैनन् ?

*(साभार: अनलाइनखबर)*

# योग्य, उम्मेदवार र राम्रो पार्टीलाई समेत जनताले किन भोट दिँदैनन् ?

✍विश्वदीप तिगेला

राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टीलाई पनि किन नेपाली जनताले भोट दिँदैनन् ? किनकि नेपालीहरूले मतदान गर्दा विभिन्न मापदण्डहरूलाई आधार बनाउने गरेको पाइन्छ । आफ्नो राजनीतिक पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोताका उम्मेदवारलाई समर्थन गर्ने प्रवृत्ति, विगतमा अप्ठ्यारो परेको समयमा कसले सहयोग गऱ्यो भन्ने आधारमा गुण फर्काउने सोच, आफ्नो शत्रुको ठीकविपरीत उम्मेदवार लाई भोट दिने व्यवहार, आफू वा आफ्ना परि वारका सदस्यलाई कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन सक्छ, भोलि अप्ठ्यारो पर्दा कसले सहयोग गर्न सक्छ भन्ने आशा, तथा साथीसंगीको प्रभावमा परेर पनि मतदान गर्ने गर्दछन् ।

फ्रान्सका पूर्वसम्राट नेपोलियन बोनापार्टले भनेका थिए- मानिसहरू ठुला नीति होइन, साना प्रतीक, सम्मान, भावनात्मक कुरा र झुटा आश्वासनमा सजिलै आकर्षित हुन्छन् । त्यस्तै बेलायतका पूर्वप्रधानमन्त्री विन्स्टन चर्चिलले पनि भनेका छन्- धेरै मतदाताले नीति, योग्यता र दीर्घकालीन प्रभावभन्दा पनि नारा, जात, धर्म, क्षेत्र, क्षणिक फाइदालाई प्राथमिकता दिन्छन् । यी दुई भनाइसँग मिल्दोजुल्दो प्रवृत्ति नेपाली समाजमा पाइन्छ । अझ थप विकृति पनि छ, त्यो भनेको पैसा दिने र भोट दिनुपर्छ भनी कसम खुवाउने, तामा छुवाउने, वा मासु-रक्सी जसले खुवाउँछ, त्यही व्यक्तिलाई भोट दिने प्रवृत्ति ।

राजनीतिक पार्टीसँग आबद्ध नभएका व्यक्ति जो आफैंमा सक्षम छन्, कसैको निगाह र सहयोग नचाहिने अवस्थाका व्यक्तिले भने पार्टी र उम्मेदवारको घोषणापत्र तथा नीतिको आधारमा मतदान गर्ने गरेको पाइन्छ । त्यस्ता व्यक्तिले सधैं एउटै पार्टी भनिरहँदैनन्, राम्रा व्यक्ति र पार्टीलाई मतदान गर्ने गर्दछन् । त्यस्ता व्यक्ति तथा परिवार सहरी क्षेत्रमा बढिरहेका हुन्छन्, तर यी वर्गका मतदाताहरू कुल मतदाताहरूमध्य कति प्रतिशत छन्, यकिन गर्न गाह्रो छ । नेपाली समाज जातको नाममा विभाजित छ, धर्मको नाममा विभाजित छ, भौगोलिक क्षेत्रीयताको नाममा विभाजित छ, धनी गरिब वर्गीयताको नाममा विभाजित छ र लैङ्गिक हिसाबले पनि विभाजित छ, तर विशेषत: नयाँ पुस्ताहरूमा यी कुराहरूको प्रभाव छैन वा कम छ र शहरीया शिक्षित वर्गमा पनि कम भएको मान्न सकिन्छ । अझ गहिरिएर यी विषयहरूमा तल चर्चा गरौं:

नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापित भएको लामो समय भइसक्दा पनि चुनावी



परिणामहरू हेर्दा योग्यता, नैतिकता र दीर्घकालीन भिजन भएका उम्मेदवार तथा स्पष्ट नीति बोकेका राजनीतिक पार्टीहरू अपेक्षाकृत कमजोर देखिन्छन् । यसको सट्टा, पटक-पटक उही अनुहार र उही प्रवृत्ति दोहोरिएको देखिन्छ । यसले नेपाली समाज र राजनीतिक संस्कृतिभित्रको समस्यालाई गहिरो रूपमा जरा गाडेका केही यथार्थलाई उजागर गर्छ ।

नेपाली समाजमा राजनीतिप्रतिको विश्वास क्रमशः कमजोर बन्दै गएको छ । विगतमा गरिएका वाचा पूरा नहुनु, भ्रष्टाचारका घटना दोहोरिनु र सत्तामा पुगेपछि जनताको आवाज सुन्ने संस्कार कमजोर हुनुका कारण 'राम्रो मान्छे आए पनि केही बदलिँदैन' भन्ने सोच धेरैमा बसिसकेको छ । यस्तो निराशावादी मानसिकताले इमानदार र भिजनयुक्त उम्मेदवारलाई पनि भोट दिन नचाहने अवस्था सिर्जना गरेको छ । अर्को महत्त्वपूर्ण कारण आर्थिक अवस्था हो । ठुलो संख्यामा जनता दैनिक जीवनयापनकै चिन्तामा छन् । दीर्घकालीन नीति, सुशासन र संरचनागत सुधारभन्दा तत्कालीन राहत, व्यक्तिगत सहयोग वा सानो फाइदाले मतदातालाई आकर्षित गरेको पाइन्छ । यसले राम्रो नीति बोकेका पार्टीहरूलाई कमजोर बनाउँछ, किनकि उनीहरूको एजेन्डा तुरुन्त देखिने लाभभन्दा भविष्यकेन्द्रित हुन्छ ।

नेपाली समाजमा जात, क्षेत्र, नातागोताको राजनीति अझै प्रभावशाली छ । धेरै मतदाताले उम्मेदवारको नैतिकता वा क्षमतालाई भन्दा पनि 'आफ्नो मान्छे' भन्ने आधारमा निर्णय गर्छन् । यसले योग्य भए पनि बाहिरबाट आएका, नयाँ सोच बोकेका वा परम्परागत सञ्जालमा नजोडिएका उम्मेदवारलाई घाटा पुऱ्याउँछ । राजनीतिक शिक्षा र सूचनाको अभाव पनि ठुलो समस्या हो । धेरै मतदाताले पार्टीका घोषणापत्र पढ्ने, नीतिगत भिन्नता बुझ्ने वा उम्मेदवारको दीर्घकालीन दृष्टि विश्लेषण गर्ने अवसर वा बानी पाएका छैनन् । भावनात्मक भाषण, लोकप्रिय नारा र सामाजिक सञ्जालमा फैलिने गलत सूचनाले मतदाताको सोच सजिलै प्रभावित हुने गरेको छ । चुनावी प्रक्रियामा पैसाको प्रभाव बढ्दै जानुले नैतिक र सक्षम उम्मेदवारहरू झन् पछाडि पर्दै गएका छन् । ठुलो खर्च गरेर प्रचार गर्न सक्ने, प्रभावशाली सञ्जाल चलाउन सक्ने र शक्ति प्रदर्शन गर्न सक्ने उम्मेदवारहरू बढी देखिने भएकाले जनताको ध्यान पनि उनीहरूतर्फ नै जान्छ । राम्रो नीति र भिजन भए पनि प्रचार र स्रोतको अभावले त्यस्ता उम्मेदवार ओझेलमा पर्छन् ।

अन्ततः राज्यका संस्थाहरू बलियो नहुनु र कानुनको प्रभावकारी कार्यान्वयन नहुनुले जनताको आशा कमजोर बनाएको छ । राम्रो नीति भएका पार्टीहरू पनि सत्तामा पुगेपछि संस्थागत बाधा, आन्तरिक राजनीति र पुरानै संरचनाको कारण अपेक्षित काम गर्न नसक्दा जनतामा 'नीति कागजमै सीमित हुन्छ' भन्ने धारणा बलियो भएको छ । यसरी हेर्दा, नेपाली जनताले राम्रो नैतिकता, राम्रो भिजन र राम्रो नीति भएका योग्य उम्मेदवार वा पार्टीलाई भोट नदिनु केवल चेतनाको कमी मात्र होइन, यो सामाजिक, आर्थिक र संस्थागत समस्याहरूको परिणाम हो । जबसम्म राजनीतिक शिक्षा, आर्थिक सुरक्षा र संस्थागत विश्वास बलियो हुँदैन, तबसम्म लोकतन्त्रमा गुणस्तरभन्दा पनि प्रभाव र पहुँच नै निर्णायक भइरहने देखिन्छ ।

विभिन्न तहमा, क्षेत्रमा, पार्टी केन्द्रदेखि टोल कमिटीसम्म पार्टीको संगठन र सिन्डिकेटका कारण पनि मतदानमा निर्णायक भूमिका खेल्ने भएकोले लोकप्रिय, जनप्रिय नेता तथा राजनीतिक पार्टीलाई नैतिक समर्थन हुनसक्छ, तर मतदानको सहयोग प्राप्त नहुन सक्छ । तथापि सबैमा यो कुरा लागु हुँदैन । धेरै नेपालीले चुनावलाई राष्ट्रिय पर्वको रूपमा लिन्छन् र अन्य मुलुकको तुलनामा अत्यधिक नेपालीहरू मतदानमा सहभागी हुने गर्दछन् । पार्टीभित्र अवसरबाट वञ्चित पार्टीकै नेता कार्यकर्ताहरूले विद्रोह गर्ने, दलभित्र अन्तर्घात गर्ने, दलदलबिच साँठगाँठ गर्ने संस्कार भएकोले सधैं योग्य, नैतिकवान उम्मेदवार र पार्टीलाई जनताले भोट दिँदैनन् । पछिल्लो समय नेपाली समाज पनि सोसल मिडियामा परनिर्भर भइदिँदा डिपस्टेट अर्थात् प्रभावशाली बाहिरिया मुलुकका विभिन्न निकायहरूको भूमिकाले ठुलो असर पर्ने गरेको देशविदेशको अभ्यासमा देखिन्छ । जस्तै: फेसबुक, एक्स, इन्स्टाग्राम, युट्युबहरू अमेरिकाद्वारा उत्पादित र नियन्त्रित सोसल मिडिया हुन् । सोसल मिडियाले कसको कुन कुरा कसलाई देखाउने, कुन कुरा लुकाउने आदि नियन्त्रण गर्ने भएकोले यसको प्रभाव ठुलो पर्ने देखिन्छ । डिपस्टेटहरूले स्वयं व्यक्तिलाई थाहै नदिई उसलाई एजेन्टको रूपमा काम लगाइरहेको हुन्छ ।

यसर्थ राम्रा सक्षम नेता र राम्रा पार्टीहरूले पैसा बाँड्ने, सोसल मिडियामार्फत अफवाह फैलाउने आदि कार्यविरुद्ध सावधानी अपनाउँदै नयाँ परिवेशअनुसार तयारी गर्न आवश्यक देखिन्छ । सोसल मिडियाको प्रभावकै एक हिस्साको रूपमा गत भदौ २३-२४ को जेनजी विद्रोहलाई लिनुपर्दछ । चुनावको बखत बुझ्नपर्ने एक सवाल ससाना राजनीतिक पार्टीहरू विभाजित हुने र दलबदल बढी हुने भएकोले मत संख्या थपिने वा भोट स्विङ हुने गर्दछ, र त्यही स्विङ भोटले मतपरिणाम अनपेक्षित बनाउन सक्दछ । त्यसैले, त्यस्ता दल वा समूहको साथ लिन सक्नुले परिणाम निर्णायक हुन सक्दछ ।

अन्त्यमा, राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टी हुँदैमा, राम्रो काम गरेको प्रभाव भएको व्यक्तिलाई आँखा चिम्लेर जनताले भोट हाल्नेछन् भन्ने बुझ्नु सही होइन । भोट एक, प्रभाव अनेकबाट प्रभावित भई मतदान गर्ने गर्दछन् ।

समय परिवर्तनशील छ, नयाँ पुस्तालाई राजनीतिप्रति चासो छैन, उनीहरूमा वितृष्णा छ भन्दै गर्दा जेनजी विद्रोहले सबैलाई झस्काएको छ, आँखा खोलिदिएको छ । योग्य, नैतिकवान उम्मेदवार र राम्रो नीति भएको पार्टीलाई जनताले भोट दिँदैनन् भन्ने होइन, तर भोट दिने नेपालीहरूको मापदण्डहरू: पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोता, अप्ठ्यारो परेको समयमा कसले सहयोग गऱ्यो भन्ने आधार, आफ्नो शत्रुको ठीकविपरीत धारमा उभिने प्रवृत्ति, कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन्छ, भोलि जेलनेल पक्राउ पर्दा कसले सहयोग गर्न सक्दछ भन्ने आडभरोसा, छरछिमेक वरपर साथीसंगीको प्रभावका कारण मतदान गर्ने गर्दछन् ।

अझ पैसाले भोट किन्ने विकृतिले पैसा खर्च गर्ने उम्मेदवारले जित्ने र राम्रो र योग्य पराजित हुने गर्दछन् । उम्मेदवार र राजनीतिक पार्टीले चुनाव जित्न साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर चुनावमा होमिँदा अनपेक्षित खर्च हुने कारण कतिको घरव्यवहार बिग्रने, उठिबास हुने आदि घटनाहरू भएकाले त्यसरी होमिँदै गर्दा उम्मेदवारले आम नेपालीहरूको मतदान गर्ने मापदण्डलाई पनि समयमै ख्याल गर्नु वाञ्छनीय हुन्छ । लोकतन्त्रमा योग्य उम्मेदवार हार्नुको मुख्य कारण उम्मेदवार कमजोर हुनु होइन, मतदाताको निर्णय भावना र स्वार्थद्वारा निर्देशित हुनु हो ।

*(साभार: रातोपाटी)*

# साउदीसँग भएको श्रम सम्झौतामा के छ ?



काठमाडौं/खाडी मुलुक साउदी अरबसँग कूटनीतिक सम्बन्ध कायम भएको ४८ वर्षपछि श्रम सम्झौता भएको छ । आइतबार राति नेपाल र साउदीबीच द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षर भएको हो । साउदीको रियादमा साधारण श्रमिकको सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्य सहित श्रमिक भर्ना सम्बन्धी द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षर भएको हो । सम्झौतामा नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी र साउदी सरकारका तर्फबाट मानव संशाधन तथा सामाजिक विकासमन्त्री अहमद बिन सुलेमान अलराजीले हस्ताक्षर गरेका छन् ।

नेपाल र साउदीबीच १५ मार्च १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । त्यसलगत्तै नेपालले १९७८ मा साउदीमा चार्ज डे अफेयर्सको स्तरमा दूतावास खोलेको थियो भने साउदीले सन् २०१२ मा मात्रै नेपालमा दूतावास खोलेको थियो । साउदीसँग श्रम सम्झौता भएसँगै श्रम सम्झौता हुने देश संख्या १३ पुगेको छ । नेपालले २०७० सालदेखि साउदीसँग श्रम सम्झौताका लागि पहल गर्दै आएको थियो । सम्झौताका लागि पटक-पटक मस्यौदा समेत तयार पारिएको थियो । तर, साउदीले नेपालबाट घरेलु श्रमिक लैजानुपर्ने भन्दै त्यो विषयमा समेत सम्झौताका लागि आग्रह गर्दै आएको थियो । नेपालले भने घरेलु श्रमिक पठाउन प्रतिबन्धका कारण घरेलु श्रमिक सम्बन्धी सम्झौता गर्न नसकिने प्रष्ट पार्दै आएको थियो ।

गत १३ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले सम्झौतामा हस्ताक्षरका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो । तर, २३ र २४ भदौको जेनजी आन्दोलनका कारण सरकार ढलेपछि सम्झौतामा हस्ताक्षर गर्न ढिलाइ भएको थियो ।

**के छ सम्झौतामा ?**

दुई देशबीच भएको सम्झौतामा वैदेशिक रोजगारीका लागि साउदी जाने नेपाली श्रमिकको प्रभावकारी, नैतिक तथा व्यवस्थित भर्ना सुनिश्चित गर्न आवश्यक उपाय अवलम्बन गर्ने, रोजगारदाता तथा कामदार दुवैको अधिकार संरक्षण गर्ने उद्देश्य छ । त्यस्तै श्रमिक र रोजगारदाताबीच करारजन्य सम्बन्ध नियमन गर्ने सम्झौताको उद्देश्य छ । अन्तर्राष्ट्रिय मापदण्ड तथा सम्बन्धित कानुन, नियम र विनियम बमोजिम साउदीमा काम गर्न जाने नेपाली श्रमिकको भर्ना, परिचालन तथा स्वदेश फिर्तीसम्बन्धी पारस्परिक रूपमा स्वीकार्य प्रणाली विकास तथा कार्यान्वयन गरिने उल्लेख छ ।

श्रमिकहरूको भर्ना पक्षहरूको आन्तरिक कानुन, नियम तथा विनियम बमोजिम वैधानिक माध्यमबाट इजाजतप्राप्त तथा नैतिक भर्ना अभ्यास गर्ने भर्ना कार्यालय, कम्पनी वा एजेन्सीमार्फत मात्र कामदारको भर्ना सुनिश्चित गर्ने विषयमा समेत दुई देश सहमत देखिएका छन् । त्यस्तै दुवै देशमा श्रमिक भर्नासँग सम्बन्धित लागत नियमन गर्ने तथा उक्त लागत नियन्त्रण गर्न आवश्यक प्रयास गर्ने विषयमा समेत सहमत भएका छन् । दुवै देशका भर्ना कार्यालय, कम्पनी वा एजेन्सी तथा रोजगारदाताले कामदारको भर्ना तथा परिचालनसँग सम्बन्धित कुनै पनि खर्च कामदारबाट असुल नगर्ने वा कामदारको तलबबाट कटौती नगर्ने तथा कुनै पनि किसिमको अनधिकृत तलब कटौती नगरिने सुनिश्चित गर्ने विषयमा समेत नेपाल र साउदी सहमत भएका छन् ।

विवाद उत्पन्न भएको अवस्थामा लागु कानुन, नियम तथा विनियम बमोजिम सक्षम निकाय समक्ष निवेदन दिई उपचार खोज्न पाउने अधिकार कामदार तथा रोजगारदाता दुवैलाई सुनिश्चित गर्ने समेत सहमति भएको छ । प्रचलित कानुन, नियम तथा विनियम उल्लंघन गर्ने भर्ना कार्यालय, कम्पनी वा एजेन्सी विरुद्ध आवश्यक कानुनी कारबाही गर्ने विषयमा समेत नेपाल र साउदी सहमत भएका छन् ।

**साउदीको दायित्व**

नेपाली श्रमिकको रोजगार सम्बन्धी आवेदनमा प्रस्तावित कामको प्रकृति, आवश्यक योग्यता, रोजगारीका प्रकार तथा प्रदान गरिने सेवा-सर्त, पारिश्रमिक, गैर पारिश्रमिक सुविधा, आवश्यक परे आवास तथा यातायात, सेवा अवधि अन्त्यमा प्राप्त हुने सुविधा तथा अन्य सम्बन्धित सर्त स्पष्ट उल्लेख गरिने सुनिश्चितता साउदी सरकारले गर्नुपर्ने छ । त्यस्तै साउदीमा रोजगारी गर्नेसम्बन्धी सेवा सर्त कामदार र रोजगारदाताबीच गरिने व्यक्तिगत रोजगार करारमा स्पष्ट निर्धारण गरिने र उक्त करार कामदार नेपालबाट प्रस्थान गर्नुअघि दुवै करारका पक्षबाट हस्ताक्षर गरिने सुनिश्चित गर्नेसमेत दायित्व साउदीको हुनेछ ।

साउदीमा रोजगारीमा संलग्न नेपाली श्रमिकको सुविधा तथा अधिकार लागु कानुन, नियम तथा विनियम बमोजिम लागु हुने र संरक्षण गर्ने सुनिश्चतता समेत साउदी सरकारले गर्नुपर्ने छ । रोजगार करारमा उल्लेख भएबमोजिम मासिक पारिश्रमिक जम्मा गर्न रोजगारदाताबाट कामदारका नाममा बैंक खाता खोल्ने व्यवस्था गर्न सहजीकरण गर्ने दायित्व समेत हुनेछ । सम्झौतापत्रमा उल्लेख भए अनुसार कामदारलाई अंग्रेजी भाषामा चौबिसै घण्टा सहायता उपलब्ध गराउने संयन्त्र स्थापना गर्न प्रयास गर्नुपर्ने छ ।

साउदीका सम्बन्धित निकाय वा अदालत समक्ष दर्ता भएका रोजगार करार उल्लंघनका मुद्दा र अन्य मुद्दा शीघ्र टुंगो लगाउन सहजीकरण गर्नुपर्ने र साउदीमा मृत्यु भएका नेपालीको शव साउदीको प्रचलित कानुन, नियम तथा विनियम बमोजिम नेपालस्थित दूतावास/महावाणिज्य दूतावाससँग समन्वय गरी शीघ्र स्वदेश फिर्ती गर्न सहजीकरण गर्ने दायित्व समेत साउदीको हुनेछ ।

**नेपालको दायित्व**

वैदेशिक रोजगारीका लागि साउदी जाने नेपाली श्रमिकको स्वास्थ्य परीक्षण, तालिम, साउदीमा कानुन उल्लंघन गर्ने श्रमिकलाई स्वदेश फिर्ती गराउने लगायत दायित्व नेपालका लागि तोकिएका छन् । नेपालका विश्वसनीय चिकित्सकीय केन्द्रमार्फत विस्तृत स्वास्थ्य परीक्षण गराई भर्ना गरिने श्रमिकको आवश्यक स्वास्थ्य मापदण्ड पूरा गरी सबै प्रकारका सरुवा रोगबाट मुक्त रहेको सुनिश्चित गर्ने दायित्वको नेपालको तोकिएको छ ।

सम्भावित कामदारको कुनै पनि आपत्तिजनक अभिलेख नरहेको सुनिश्चित गर्ने दायित्व समेत नेपालको रहेको छ । त्यस्तै सम्भावित श्रमिकलाई विशेषीकृत संस्था वा तालिम केन्द्रमार्फत आवश्यक सिपसम्बन्धी तालिम प्रदान गरिएको र साउदीका सामाजिक र सांस्कृतिक परम्परा तथा रोजगार करारका सर्तबारे अभिमुखीकरण गराइएको सुनिश्चित गर्ने दायित्व छ । नेपालले नेपाली श्रमिक साउदीमा रहँदा त्यहाँको कानुन, नैतिकता, आचारसंहिता तथा सामाजिक परम्परा पालना गर्न सम्भावित कामदारलाई प्रेरित गर्नुपर्ने छ ।

मर्यादित रोजगारीको अवस्था कायम रहेको अवस्थासम्म सम्भावित श्रमिकलाई आफ्नो करार अवधि पूरा गर्न प्रेरित गर्ने, भिसा प्राप्त भएको मितिले एक महिनाभित्र साउदीतर्फ श्रमिकको प्रस्थान सहज बनाउन आवश्यक काम गर्नुपर्ने छ । साउदीका प्रचलित लागु भएका कानुन, नियम तथा विनियम बमोजिम श्रमिकले करारका सर्त उल्लंघन गरेको प्रमाणित भए त्यस्ता कामदारको नेपाल फिर्ती सहज बनाउने दायित्व समेत नेपालको रहेको छ ।

**संयुक्त प्राविधिक समिति**

सम्झौता अनुसार नेपाल र साउदीबीच कम्तीमा ३ सदस्यीय संयुक्त प्राविधिक समिति गठन हुनेछ । आवश्यकता अनुसार तथा पक्षहरूको आपसी सहमतिमा सम्बन्धित निकायका अन्य पदाधिकारीलाई समेत उक्त समितिमा समावेश गर्न सकिने छ । समितिले श्रम सम्झौताका प्रावधान कार्यान्वयन सम्बन्धी आवधिक समीक्षा, मूल्यांकन तथा अनुगमन गर्ने छ ।

दुवै पक्षबीच आपसी सहमतिमा तय गरिएको मिति र स्थानमा साउदी र नेपालमा पालैपालो परामर्शात्मक बैठक आयोजना गरिने छ । आवश्यक भए सम्झौताबाट उत्पन्न विषयमा नियमित छलफल गर्न संयुक्त प्राविधिक समितिले उपसमिति वा सम्पर्क बिन्दु गठन गर्न सक्ने छ । सम्झौताका प्रावधान कार्यान्वयन र व्याख्यामा उत्पन्न हुने कुनै पनि विवाद समाधान गर्न आवश्यक सिफारिस समितिले गर्ने छ । सम्झौताका कुनै पनि प्रावधानको व्याख्या वा कार्यान्वयन क्रममा उत्पन्न हुने कुनै पनि विवाद कूटनीतिक माध्यमबाट परामर्श वा वार्ताका माध्यमबाट आपसी समझदारीमा समाधान गरिने छ ।

सम्झौताका कुनै पनि प्रावधान संशोधन वा परिमार्जन गर्नुपरेको खण्डमा दुवै पक्षबीच आपसी लिखित सहमतिबाट मात्र गरिने छ र पक्षहरूले सहमत भएको मितिदेखि लागु हुनेछ । सम्झौता पाँच वर्षका लागि मान्य हुनेछ । सम्झौता अवधि समाप्त हुनुभन्दा कम्तीमा दुई महिना अगाडि कुनै एक पक्षले पनि कूटनीतिक माध्यमबाट लिखित रूपमा नवीकरण, निलम्बन वा अन्य गर्ने आशय अर्को पक्षलाई जानकारी नदिएको खण्डमा पुन: पाँच वर्षका लागि नवीकरण हुनेछ । सम्झौता समाप्त भए पनि लागु हुने अवधिमा सम्पन्न गरिएका सम्झौता तथा काम यस सम्झौताका प्रावधान लागु हुने श्रम सम्झौतामा उल्लेख छ ।

(स्रोत: अनलाइनखबर)

# नयाँ प्रतिनिधिसभामा हुने छैनन् अस्तिका दुई तिहाइ सांसद

काठमाडौं/२१ फागुनको निर्वाचनपछि गठन हुने प्रतिनिधि सभामा अहिलेका करिब दुई तिहाइ सांसदलाई देख्न पाइने छैन । गत भदौमा विघटन भएको प्रतिनिधि सभामा रहेकामध्ये करिब १७० सांसद प्रतिस्पर्धामै छैनन् ।

कतिपय ठाउँमा भने निवर्तमान सांसदहरूबीच नै प्रतिस्पर्धा चलिरहेको छ । चुनावी मैदानमा रहेका निवर्तमान सांसदहरूले अधिकतम ठाउँमा जित्न सक्ने सम्भावनालाई यथावत राख्ने हो भने पनि अब गठन हुने प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिकतर्फ करिब दुई तिहाइभन्दा बढी नयाँ अनुहार आउने निश्चित जस्तै छ ।

'हो, उम्मेदवार र उनीहरूको पृष्ठभूमि हेर्दा दुई तिहाइजति त नयाँ उम्मेदवार निर्वाचित हुने निश्चित देखियो,' संघीय संसदका पूर्वमहासचिव मनोहरप्रसाद भट्टराई भन्छन्, 'अहिले प्रतिस्पर्धा गर्नेमध्ये पनि सबै निवर्तमान सांसदहरु निर्वाचित हुन्छन् भन्ने छैन । कैयौं त निर्वाचनबाटै बिदा भएर प्रतिनिधिसभामा आउन पाउँदैनन् । त्यसो हुँदा नयाँ आउनेहरूको संख्या अझै बढ्न सक्छ ।'

**यसरी आउने छन् नयाँ अनुहार**

प्रत्यक्ष प्रणालीतर्फ १६५ निवर्तमान सांसदमध्ये ७० जना यो पटक उम्मेदवार छैनन् । ११० समानुपातिकमध्ये बढीमा १० जना मात्रै मैदानमा छन् । २०७९ सालमा निर्वाचित भएका र यो पटक चुनाव लडेका झन्डै १०० निवर्तमान सांसद सबै निर्वाचित हुने सुनिश्चितता छैन । ८ जना पूर्वसांसद आपसी प्रतिस्पर्धामा छन् ।

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवादेखि निवर्तमान उपसभापति धनराज गुरुङ र वर्तमान उपसभापति विश्वप्रकाश शर्मा चुनाव लडेका छैनन् । नेता प्रकाशमान सिंहदेखि आरजु राणा प्रतिस्पर्धामा छैनन् । एमालेमा निवर्तमान उपमहासचिव टोपबहादुर रायमाझीदेखि योगेश भट्टराई अनि विद्या भट्टराईसम्म प्रतिस्पर्धाबाट बाहिर छन् । जुम्ला, झापा-२, सर्लाही-४ र धनुषा-३ मा एकभन्दा बढी निवर्तमान सांसदहरू आपसमा प्रतिस्पर्धा गरिरहेकाले उनीहरुमध्ये एक/एक जनामात्रै निर्वाचित हुनेछन् । यी क्षेत्रमा प्रतिस्पर्धा गरि रहेकामध्ये कम्तीमा पनि ६ जना निवर्तमान सांसदहरू प्रतिनिधिसभामा देखिने छैनन् ।

झापा-२ मा निवर्तमान सभामुख देवराज घिमिरेसहित कांग्रेस समानुपातिक सांसद सरिता प्रसाईं र निवर्तमान उपसभामुख इन्दिरा रानामगर मैदानमा छन् । यीमध्ये दुईजना प्रतिनिधिसभामा पुग्न पाउने छैनन् । सर्लाही-४ मा कांग्रेस सभापति गगन थापा र रास्वपा उम्मेदवार अमरेशकुमार सिंहमध्ये एक जना मात्रै सांसद बन्नेछन् ।

धनुषा-३ मा एमाले निवर्तमान सांसद जुलीकुमारी महतो, कांग्रेसका निवर्तमान समानुपातिक सांसद विमलेन्द्र निधि र रास्वपाका निवर्तमान सांसद मनिष झा प्रतिस्पर्धामा छन् । यी तीन निवर्तमान सांसदमध्ये एक जना मात्रै २१ फागुनपछि प्रतिनिधिसभामा आउने छन्, बाँकी दुईजना प्रतिनिधिसभामा देखिने छैनन् । जुम्लामा राप्रपाबाट ज्ञानेन्द्रबहादुर शाही र रास्वपाबाट विनिता कठायतमध्ये कम्तीमा एक जना प्रतिनिधिसभामा आउन नसक्ने देखिन्छ ।

**समानुपातिकबाट कति ?**

अघिल्लोपटक समानुपातिबाट निर्वाचित एमालेका कोही पनि सांसद यसपालि प्रत्यक्ष र समानुपातिक सूचीमा छैनन् । तर २०७९ सालभन्दा अघि निर्वाचितहरू भने सुरक्षित रहन समानुपातिक सूचीमा बसेका छन् । समानुपातिक सूचीमा रहेका रामबहादुर थापा नयाँ संविधान बनेपछिको प्रतिनिधिसभामा थिएनन् । सूचीमा रहेकी पद्मा अर्याल यसअघि २०७४ सालमा निर्वाचित सांसद हुन् । एमाले, कांग्रेस, रास्वपाले अघिल्लो निर्वाचनको समानुपातिक सूचीलाई दोहोर्‍याएका थिएनन् ।

कांग्रेसबाट अघिल्लो पटक समानुपातिक सूचीमा रहेका डा. प्रकाशशरण महत र विमलेन्द्र निधि मात्रै प्रत्यक्ष प्रतिस्पर्धामा छन् । माओवादी, एकीकृत समाजवादी लगायत अरू समूह मिलेर बनेको नेकपामा पनि समानुपातिक सूचीमा नयाँ अनुहार छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट अघिल्लो पटक समानुपातिकमा निर्वाचितमध्ये ६ जना यसपालि प्रत्यक्ष प्रतिस्पर्धामा छन् । डोलप्रसाद अर्याल काठमाडौं-९, निशा डाँगी झापा-१, विनिता कठायत जुम्ला, इन्दिरा रानामगर झापा-२ र मनिष झा धनुषा-३ मा चुनाव लडेका छन् । रास्वपा त्यागेका सन्तोष परियार प्रगतिशील लोकतान्त्रिक पार्टीको समानुपातिक सूचीमा छन् । सुमना श्रेष्ठ भने यसपालि प्रतिस्पर्धाबाट बाहिर छिन् ।

**भट्टराईदेखि शर्मासम्म**

अघिल्लो पटक ताप्लेजुङबाट निर्वाचित योगेश भट्टराईको ठाँउमा एमालेले क्षितिज थेबेलाई उम्मेदवार बनाएको छ । पाँचथरमा बसन्त नेम्वाङको ठाउँमा अइन्द्रसुन्दर नेम्वाङ उठेका छन् । इलाम-१ मा अघिल्लो पटक एमालेका महेश बस्नेत निर्वाचित भएका थिए । अहिले काजीमान कागतेलाई उम्मेदवार बनाएको छ ।

झापा-१ बाट अघिल्लो पटक निर्वाचित कांग्रेस उपसभापति विश्वप्रकाश शर्माको ठाउँमा केशवराज पाण्डे उम्मेदवार बनेका छन् । झापाका बाँकी चार निर्वाचन क्षेत्रमा अघिल्लो पटक निर्वाचित उम्मेदवारह पछि यथावत छन् ।

संखुवासभा, तेह्रथुम र भोजपुरमा कांग्रेस एवं माओवादीले अघिल्लो पटक निर्वाचित सांसदहरूलाई यो पटक उम्मेदवार बनाएनन् । संखुवासभामा दीपक खड्काको ठाउँमा कांग्रेसले दिपनकुमार श्रेष्ठलाई उठाएको छ । तेह्रथुममा सीता गुरुङको ठाउँमा सन्तोष सुब्बा उम्मेदवार छन् । भोजपुरमा सुदन किरातीको ठाउँमा एकीकरणपछि बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले अजम्बर राईलाई उम्मेदवार बनाएको छ ।

मोरङबाट निर्वाचित दुई निवर्तमान सांसद यसपालि प्रतिस्पर्धामा छैनन् । मोरङ-१ मा कांग्रेसले डिगबहादुर लिम्बुको साटो खड्गबहादुर फागोलाई उम्मेदवार बनाएको छ । मोरङ-२ मा एमालेले ऋषिकेश पोखरेलको साटो दिलिप कुमार अग्रवाललाई उठाएको छ ।

सुनसरी-१ मा जनता समाजवादी पार्टीले अशोक राईको साटो उम्मेदवारी दिएन भने सुनसरी-२ मा एमालेले भीम आचार्यको साटो सुजन लामालाई उठायो । सोलुखुम्बु, खोटाङ र ओखलढुंगामा अघिल्लो पटक निर्वाचितहरू उम्मेदवार बनेनन् । सोलुखुम्बुमा एमालेले मानवीर राईको साटो कल्पना राईलाई टिकट दिएको छ । माओवादी केन्द्रबाट निर्वाचित रामकुमार राईको साटो यसपालि नेकपाबाट हरि रोकाले टिकट पाएका छन् । ओखलढुंगामा कांग्रेसले रामहरि खतिवडाको ठाउँमा कुमार लुइँटेललाई अघि सारेको छ । उदयपुर-१ मा कांग्रेसले डा. नारायण खड्काको साटो बिदुर बस्नेतलाई अघि सारेको छ । सप्तरी-१ मा जसपा नेपालबाट अघिल्लो पटक नवलकिशोर साह सुडी निर्वाचित भएकोमा अहिले श्यामसुन्दर सरदार प्रतिस्पर्धामा छन् ।

(स्रोत: अनलाइनखबर)

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सामाजिक परीक्षण सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालको आर्थिक वर्ष २०८१/८२ को सामाजिक परीक्षण सम्पन्न भएको छ ।

सुशासन, पारदर्शीता र जवाफदेहिता कायम गर्न अस्पतालको सामाजिक परीक्षण गरिएको हो । कार्यक्रममा उपस्थित सेवाग्राहीले अस्पतालमा विद्यमान समस्याबारे आफ्नो धारणा राखेका थिए । अस्पतालमा जनशक्ति थप गर्नुपर्ने, विरामी कुरुवाघर थप्नुपर्ने, फार्मेसीमा हुने भीडलाई व्यवस्थित गर्नुपर्ने विषयमा उनीहरुले अस्पताल प्रशासनको ध्यानाकर्षण गराएका थिए । त्यसैगरी अस्पतालको क्यान्टिनलाई विस्तार गर्नुपर्ने, डायलाइसिस मेसिन थप गर्नुपर्ने, आइसीयुलाई व्यवस्थित गर्नुपर्ने सेवाग्राहीको माग छ ।

सेवाग्राहीबाट प्राप्त गुनासोलाई प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवाली, मेडिकल सुपरिटेन्डेन्ट डा.रामचन्द्र सापकोटा, र जिष्ट्रार भीमसागर गुरागाईले सम्बोधन गरेका थिए । आगामी दिन अस्पतालमा देखिएका समस्यालाई सुधार गरेर लैजाने उनीहरुले प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यक्रममा हेटौंडा-५ स्थित बागमती रिसर्च इनोभेटिभ कन्सल्टेन्सीका सञ्चालक डा. लिलानाथ ढुंगेलले अस्पतालको अवलोकन निरीक्षण गरी सामाजिक परीक्षण प्रतिवेदन समेत सार्वजनिक गरेका थिए । कार्यक्रममा ६० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

# वक्तृत्वकलामा सदीक्षा प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/कैलाश गाउँपालिकाले आयोजना गरेको गाउँपालिकाको माविस्तरीय वक्तृत्वकला प्रतियोगितामा कमलादेवी माविकी सदीक्षा गुरुङ प्रथम भएकी छिन् ।

उनी सोमबार भएको प्रतियोगितामा सामाजिक सञ्जाल अवसर कि चुनौति ? भन्ने विषयमा आफ्ना धारणा राख्दै प्रथम भएकी हुन् । उनले नगद १० हजार सहित मेडल र प्रमाणपत्र प्राप्त गरेकी छिन् । प्रतियोगितामा सोही विद्यालयका अभिषेक सारुमगर द्वितीय भएका छन् । उनले नगद सात हजार, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् भने कालिका माविका कृष मोक्तान तृतीय भएका छन् ।

मुक्तानले नगद पाँच हजार, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा ९ जनाको सहभागीता रहेको थियो ।

गाउँपालिका अध्यक्ष एवम् गाउँ शिक्षा समितिका संयोजक लोकबहादुर मुक्तानको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल ठकुरी, सामाजिक विकास संयोजक तथा वडा २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख समीर जोशीलगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा अध्यक्ष मुक्तानले वक्तृत्वकला कार्यक्रमले विद्यार्थीमा व्यक्तित्व र नेतृत्वका साथै वाककलाको प्रस्तुतीकरणको विकास रहने बताए । समय सान्दर्भिक विषयवस्तुले गर्दा सामाजिक सञ्जालको सदुपयोग र दुरुपयोगको असरबारे ज्ञान बढ्ने बताए ।

'यसको अवसर र चुनौति दुबै छन्, गुगल र च्याटजिपिटीको भर पर्नाले पठनपाठनमा कमी हुँदै क्रियटिभ तरिकाले अघि बढ्न सकिरहेका छैनौं जसले गर्दा बौद्धिक कुरामा कम हुन्छ' मुक्तानले भने । कार्यक्रममा उपाध्यक्ष मल्लले यस्ता कार्यक्रमले तार्किक र बौद्धिक क्षमतामा बृद्धि हुने बताए ।

सामाजिक सञ्जालको सदुपयोग र दुरुपयोग बराबरको अवस्था रहेको छ, सदुपयोगले विकास हुन्छ दुरुपयोगले विनास समेत हुनेछ, उपाध्यक्ष मल्लले भने । प्रतियोगिताको शिक्षा शाखाप्रमुख जोशी, शिक्षिका धनकुमारी जोशी र शिक्षक सीताराम श्रेष्ठ निर्णायक थिए ।

# विदेशमा 'कुमारी'को माग: अमेरिकादेखि मध्यपूर्वसम्म प्रदर्शन अधिकार बिक्री




काठमाडौं/माघ २३ गतेबाट प्रदर्शनमा आउन लागेको लभस्टोरी फिल्म 'कुमारी'को ट्रेलर रिलिजपछि विदेशमा माग ह्वात्तै बढेको छ । ट्रेलर रिलिजको तेस्रो दिन नै निर्माण पक्षले अस्ट्रेलिया, अमेरिका, क्यानडा र मध्यपूर्वका देशहरूका लागि फिल्मको प्रदर्शन अधिकार बिक्री गरेको छ । सोमबार निर्माता महेन्द्र अधिकारीले यसबारे जानकारी गराएका हुन् ।

अस्ट्रेलियामा असकास्ट नेपाल र श्री केजी इभेन्ट्स, अमेरिकामा आत्रेय प्रोडक्सन र कोसेली कोडोराडो, क्यानडामा मेरो इभेन्ट्स तथा मध्यपूर्वका देशहरूमा नेपफिल्मले फिल्मलाई वितरण गर्नेछन् । यी देशहरूमा नेपालकै मितिमा फिल्म रिलिज हुने निर्माता अधिकारीले जानकारी दिए । उनका अनुसार अन्य देशहरूबाट समेत फिल्म प्रदर्शनका लागि निरन्तर माग आइरहेको छ ।

गत शनिबार काठमाडौंको भृकुटीमण्डपमा ५ हजारभन्दा बढी दर्शकको उपस्थितिमा सांगीतिक कार्यक्रमसहित फिल्मको ट्रेलर सार्वजनिक गरिएको थियो । प्रेम र वियोगलाई केन्द्रमा राखिएको ट्रेलरले सामाजिक सञ्जालमा दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएको छ । कलाकारको अभिनयदेखि संगीत, छायांकन, संवाद जस्ता पक्ष निकै रूचाइएको छ ।

अबिषेक खड्का र आकृति राजभण्डारीको मुख्य भूमिका रहेको यस फिल्ममा घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनषा शर्मा लगायतको पनि अभिनय रहेको छ । दिनेश राउतको निर्देशनमा बनेको फिल्ममा कथा तथा पटकथा विकास सुवेदीले लेखेका हुन् । यसमा सुसन प्रजापतिको छायांकन रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# १०४ वर्षीया कालिमायाको आर्शिवाद लिएर बर्तौलाको चुनावी अभियान सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमालेको तर्फबाट मकवानपुर-२ मा उम्मेदवारी दिएका महेश बर्तौलाले १०४ वर्षीया कालिमाया मोक्तानको हातबाट आर्शिवाद लिएर चुनावी अभियान सुरु गरेका छन् ।

बर्तौलाले सोमबार बिहान हेटौंडा उपमहानगरपालिका-३ बसामाडीस्थित जम्बु चौतारीमा बस्दै आएकी कालिमायाको हातबाट आर्शिवाद ग्रहण गरेर चुनावी अभियान सुरु गरेका हुन् । राक्सिराङ गाउँपालिका स्थायी घरभएकी कालिमाया र उनका परिवार अस्थायीरुपमा बसामाडीमा बस्दै आएका छन् । १०४ वर्षकी कालिमायाले बर्तौलालाई टीका, माला र खादा लगाउँदै जीतको शुभकामना दिइन् । आफ्नै हातले दही खुवाउँदै उनले जितेर सांसद र मन्त्री बन्नु भन्दै आर्शिवाद दिइन् ।



जिउँदो भगवानको रुपमा रहेको जेष्ठनागरिक आमाको हातबाट आर्शिवाद ग्रहण गरेर पार्टीको औपचारिक चुनावी कार्यक्रमको अभियान जम्बु चौतारीबाट गरिएको बर्तौलाले बताए । उनले २०७९ को निर्वाचनमा विजयी गराएर पठाएपछि निर्वाचन क्षेत्र र सिंगो मकवानपुरको लागि विभिन्न विकासका योजना ल्याउन सफल भएको बताए । सांसद निर्वाचित भएर काम गरिरहँदा ३२ महिनामै संसद विगठन भएपश्चात् काम गर्न बाँकी योजना पूरा हुन नसकेको बताए । ती योजना पूरा गर्नका लागि दोस्रोपटक अवसर दिन बर्तौलाले आग्रह गरे ।

कार्यक्रममा नेकपा एमाले मकवानपुरका उपाध्यक्ष हिदम लामाले देश जलाउनेविरुद्धको चुनाव भएको कारण सोचेर देश बनाउनेलाई मतदान गर्नुपर्ने बताए । देश बनाउने पार्टी अरु कुनै नभएर नेकपा एमाले नै भएको कारण देश बनाउने पार्टीका उम्मेदवारलाई बहुमतको साथ विजय गराउनै पर्ने महत्वपूर्ण चुनाव भएको बताए । 'पछिल्लो समय गाउँ बस्तीमा नकारात्मक भ्रमहरु सिर्जना भैरहेका छन्,' लामाले भने, 'राज्यको सम्पत्तिमा आगो लगाएर, राज्यको सम्पत्ति खर्च हुनेगरी ३२ महिनामै प्रतिनिधिसभालाई विगठन गर्ने काम भयो । यसको कारण को हो ? तँपाई हामी सबैले चिनेका छौँ । त्यसैले मत दिनुअघि सोचेर मात्रै मतदान गरौँ ।'

नयाँ दल भनेर मतदातामा भ्रम फैलाए पनि विकासका कामहरु सबै पूराना दलले गरेको लामाले बताए । एमालेका युवा, शिक्षित, शालिन र देशभक्त युवा उम्मेदवारलाई जिताएर मकवानपुर-२ मा आफ्नो अधिकार सुनिश्चित गर्न लामाले अनुरोध गरे । नेकपा एमालेकी केन्द्रीय सदस्य भारती पाठकले बर्तौलाले गत निर्वाचनमा निर्वाचित भएर गएपछि गरेका कामहरु, सदनमा उठाएका आवाजलाई आधार मानेर मतदान गर्नुपर्ने बताइन् । मकवानपुरका समस्यालाई संघीय संसदमा उठाएर केन्द्रीयस्तरमै ध्यानाकर्षण गराउन सक्ने सक्षम उम्मेदवार एमालेले अघि बढाएको कारण यो पटक मकवानपुर-२ मा बर्तौला बाहेक अरुलाई मत दिन नहुने बताइन् ।

औपचारिक उद्घाटन पश्चात् अब चुनावी भेटघाटलाई तीव्रता दिइने बर्तौलाले बताए । निर्वाचन कार्यालयको निर्देशन अनुसार फागुन ४ अघि कुनै सभा, समारोह, आमसभा जस्ता कार्यक्रम भने नगर्ने उनको भनाइ छ । बर्तौला २०७९ को प्रतिनिधिसभा निर्वाचनमा यसै क्षेत्रबाट पाँच दलीय गठबन्धनका उम्मेदवार विरोध खतिवडालाई ४ हजार मतान्तरले पराजित गर्दै विजयी भएका थिए ।

# 'क्युआर कोड' मार्फत् मतदातासँग जोडिँदै तेजप्रसाद



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुर १ बाट उम्मेदवार बनेका तेजप्रसाद उप्रेती (रमेश) ले मतदातासँग प्रत्यक्ष संवाद र राय संकलनका लागि क्यूआर कोड सार्वजनिक गरेका छन् ।

जर्नादन शर्मा नेतृत्वको प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का तर्फबाट उम्मेदवारी दिएका उप्रेतीले आफ्नो निर्वाचन क्षेत्रका नागरिकले उठाउन चाहेका मुद्दा, प्राथमिकता तथा सुझाव प्रत्यक्ष रुपमा संकलन गर्ने उद्देश्यले क्यूआर कोड सामाजिक सञ्जालमार्फत् सार्वजनिक गरेका हुन् । 'उन्नत विकास सहितको विकल्प' भन्ने नाराकासाथ चुनावी मैदानमा उत्रिएका उप्रेतीले मतदाताबाट प्राप्त राय, सुझाव र सन्देशलाई चुनावी घोषणापत्र तथा भावी कार्यदिशाको आधार बनाइने बताएका छन् ।

क्यूआर कोड मोवाइलबाट स्क्यान गरेपछि नागरिकले सजिलै आफ्ना विचार, अपेक्षा र प्रतिक्रिया लेखेर पठाउन सक्ने व्यवस्था गरिएको छ । उप्रेतीले मतदाताबाट प्राप्त प्रत्येक सुझावलाई शिरोपर गर्दै जनतामाझ पुग्ने प्रतिबद्धता व्यक्त गरेका छन् । मकवानपुरमा सामाजिक व्यक्तित्वकारुपमा परिचित उप्रेती लामो समयदेखि वैकल्पिक राजनीतिक धारमा सक्रिय रहँदै आएका युवा नेता हुन् । यसअघि बाबुराम भट्टराई नेतृत्वको नयाँशक्ति पार्टी, नेपालसँग आबद्ध उप्रेती बाबुराम भट्टराई र जर्नादन शर्मा बीचको एकतापछि प्रगतिशील लोकतान्त्रिक पार्टीबाट मकवानपुर १ मा उम्मेदवार बनेका हुन् ।

मकवानपुरको राजनीतिक वृत्तमा उप्रेतीलाई विश्वव्यापी अनुभव बोकेको शिक्षित र उद्यमशील युवा उम्मेदवार कारुपमा हेरिएको छ । दक्षिणकोरियामा लामो समय काम गरेको अनुभव, जेसिजको राष्ट्रिय नेतृत्व सम्हालेको पृष्ठभूमि तथा सामाजिकरुपमा सक्रिय व्यक्तित्वका कारण उनी फरक सोच र दृष्टिकोणसहितको उम्मेदवार कारुपमा स्थापित हुँदै गएका छन् । परम्परागत राजनीतिभन्दा माथि उठेर विचारशील, जवाफदेही र विकल्पसहितको राजनीति प्रस्तुत गर्ने लक्ष्यसहित चुनावी प्रतिस्पर्धामा उत्रिएको उप्रेतीको भनाइ छ । राजनीतिक यात्रामा उप्रेती वैकल्पिक राजनीतिक धारबाट उदाएका नेता हुन् ।

**आर्थिक पुनर्संरचनामार्फत समृद्ध मकवानपुर बनाउने विष्टको प्रतिबद्धता**

यसैगरी प्रलोपाकै मकवानपुर क्षेत्र नं. २ का उम्मेदवार सन्तोष बिष्टले उत्पादनमुखी अर्थतन्त्र र सामाजिक न्यायमा आधारित आर्थिक पुनर्संरचनालाई आफ्नो प्रमुख चुनावी एजेन्डा बनाएका छन् ।

उम्मेदवार बिस्टले देशको वर्तमान आर्थिक चुनौतीको समाधान उत्पादन वृद्धि, न्यायपूर्ण वितरण र स्थानीय अर्थतन्त्रको सशक्तीकरणबाट सम्भव हुने विश्वास व्यक्त गरेका छन् । उनले प्रगतिशील करप्रणाली लागू गरी धनी, गरिबबीचको खाडल घटाउने, सामूहिक उत्पादनको प्रवर्द्धनमार्फत गरिबी उन्मूलन गर्ने प्रतिबद्धता जनाएका छन् । उनको चुनावी घोषणापत्रअनुसार स्थानीय स्रोत, सीप र श्रमको अधिकतम प्रयोग गर्दै उत्पादनमुखी स्थानीय अर्थतन्त्र निर्माण गरिनेछ । अनुसन्धान, नवप्रवर्तन र डिजिटल अर्थतन्त्रको विस्तार गरी युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने योजना अघि सारिएको छ ।

उम्मेदवार बिस्टले वैदेशिक लगानी आकर्षणका लागि पारदर्शी नीति, स्थिर शासन र लगानीमैत्री वातावरण सुनिश्चित गर्ने बताउँदै अनुत्पादक क्षेत्रमा भइरहेको लगानीलाई उत्पादनशील क्षेत्रमा रुपान्तरण गर्ने नीति लिने बताएका छन् । आर्थिक पुनसंरचनाबिना सामाजिक न्याय सम्भव छैन, भन्दै उनले जनताको हातमा सत्ता, जनताको पक्षमा नीति भन्ने मूलमन्त्रका साथ मकवानपुर, २ लाई समृद्धि र आत्मनिर्भरतातर्फ लैजाने दृढ संकल्प व्यक्त गरेका छन् । प्रगतिशील लोकतान्त्रिक पार्टीको चुनावचिह्न 'आँखा' लिएर मैदानमा उत्रिएका उम्मेदवार बिस्टले सुशासन, आर्थिक न्याय र समावेशी विकासलाई व्यवहारमै उतार्ने दाबी गरेका छन् ।

# लागूपदार्थ सेवन गर्ने युवाको संख्या बढ्दो: अध्यक्ष मुक्तान



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले लागूपदार्थ सेवनमा युवावर्गको संख्या बढ्दोरुपमा रहेको बताएका छन् ।

सोमबार कैलाश-९ मा रहेको कालिका माविमा आयोजित लागूऔषध दुर्व्यसनविरुद्धको सचेतनामूलक कार्यक्रमलाई सम्बोधन गर्दै प्रयोगकर्तामा युवावर्गको संख्या बढिरहेको बताए । गाँजाभन्दा पनि अफिमबाट उत्पादित ब्राउनसुगर प्रयोगमा युवाको संख्या वृद्धि भइरहेको उनले बताए । 'लागूपदार्थ प्रयोग न्यूनीकरणमा गाउँपालिकाले विभिन्न कार्यक्रम गर्दै आइरहेको छ, कच्चापदार्थ उत्पादित क्षेत्रको रुपमा गाउँपालिका चिनिरहेको अवस्थामा सयौं नागरिक भरियाको रुपमा समातिरहेका छन्, त्यसलाई पनि न्यूनीकरण गर्न बालबालिका, विद्यार्थी लक्षित कार्यक्रम गरी अभिभावकलाई सचेत गराउन लागिएका हौं' अध्यक्ष मुक्तानले भने ।

लागूऔषधले स्वास्थ्यमा असर पर्नुका साथै कानुनी उपचारले जीवनशैलीमा समेत असर पर्नेछ, चुरोटखैनीबाट सुरु भएको कुलत गाजाँ हुँदै ब्राउनसुगरसम्म पुग्ने उनले बताए । 'पछिल्लो समय किशोर मात्र नभई किशोरीहरु पनि प्रयोगकर्ताको रुपमा बढ्दै गइरहेको अवस्था रहेको छ' अध्यक्ष मुक्तानले बताए । गाँजा र अफिमको विकल्पमा तरकारी तथा अन्य बाली लगाउनुपर्नेमा उनले जोड दिए । सकरात्मक सोच गरौँ कुलतमा नफसौ भन्ने सन्देश दिनका लागि गाउँपालिकाले कार्यक्रम आयोजना गरेको उनले बताए ।

गाउँपालिकाको आर्थिक सहयोग तथा मकवानपुर रिकभरिङ समूहको आयोजनामा सचेतनामूलक कार्यक्रम भएको हो । समूहका प्रवन्धक निर्देशक संदीप शाक्यको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा विद्यालयका प्रअ रामप्रसाद कालाखेती, शिक्षक तथा विद्यार्थीको सहभागिता रहेको थियो । समूहले कैलाशका ६ वटा माध्यमिक विद्यालयमा सचेतनामूलक कार्यक्रम गर्नेछ । सोमबार नै कैलाश-१० मा रहेको रत्नज्योति माध्यमिक विद्यालयमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

# स्थानीय समस्यालाई प्राथमिकतामा राख्ने लामाको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ उज्यालो नेपाल पार्टीका तर्फबाट मकवानपुर-१ का उम्मेदवार इन्जिनियर सुरेन्द्र लामा (योञ्जन) ले स्थानीय समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

चुनावी अभियानका क्रममा पुर्वी मकवानपुरका स्थानीयसँग प्रत्यक्ष संवाद गर्दै उनले दीर्घकालीन समस्याहरु गम्भीर र तत्काल समाधानका लागि जोड दिएर अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । स्थानीयवासीका समस्या बुझ्न र समाधानका उपाय खोज्न विभिन्न स्थानमा निरन्तर भेटघाट र छलफल गरिरहेका लामाले बागमती-२ लगायत क्षेत्रमा प्राथमिक पूर्वाधार अभाव, कमजोर सडक सञ्जाल, तथा वर्षायाममा बारम्बार आउने बाढी समस्या जस्ता विषयलाई प्रमुख रुपमा औंल्याए । उनले स्थानीयको आवाजलाई नीतिगत र कार्यान्वयन केन्द्रबिन्दु बनाउने बताए ।

छलफलका क्रममा स्थानीयले यो क्षेत्रमा उचित पुल तथा सडक निर्माण नहुँदा यातायातमा व्यवधान भइरहेको, कमजोर सडक सञ्जालका कारण दैनिक आवागमन कठिन भएको साथै वर्षायाममा बारम्बार बाढीले स्थानीय कृषिजन्य तथा आवासीयक्षेत्र प्रभावित भएको बताएका थिए । निर्वाचन क्षेत्रमा जारी आफ्नो अभियानमा, इन्जिनियर लामा स्थानीयसँग गहिरो विश्वास निर्माण गर्दै, सुशासन, समावेशी विकास र आधारभूत सेवामा सहज पहुँच सुनिश्चित गर्ने लक्ष्यका साथ अगाडि बढिरहेका छन् ।

# स्वच्छन्दभैरव डोजो राष्ट्रिय करातेमा तेस्रो

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/नेपाल सितोरियो कराते संघअन्तर्गत इलाइट कराते ट्रेनिङ सेन्टरद्वारा आयोजित इलाइट कराते खुल्ला राष्ट्रिय प्रतियोगिता २०८२ मा थाहा नगरपालिकाको स्वच्छन्दभैरव डोजो उत्कृष्ट प्रदर्शन गर्दै तेस्रो स्थान हासिल गर्न सफल भएको छ ।

दशरथ रंगशालामा माघ ११ र १२ गते सम्पन्न प्रतियोगितामा देशभरबाट करिब १८ सय खेलाडी सहभागी थिए । प्रतियोगितामा स्वच्छन्दभैरव डोजोले ३ स्वर्ण, १ रजत र ३ कास्यपदक जित्दै समग्रमा तेस्रो स्थान सुरक्षित गरेको प्रशिक्षक रोशन बलामीले जानकारी दिए । पदक विजेतामध्ये भूमिका बलामीले काता विधातर्फ स्वर्णपदक जितिन् भने ४० केजी तौल समूहमा र जतपदक हात पारिन् । त्यसैगरी ५० केजी तौल समूहमा करन गमालले स्वर्ण, ६० केजी तौल समूहमा निशान बलामीले पनि स्वर्णपदक जित्न सफल भए ।

पुरुषतर्फ अर्जुन गमालले १३ वर्ष उमेर समूहमा कास्यपदक जित्दा महिलातर्फ सुजता विश्वकर्माले कास्यपदक हात पारिन् । यस्तै, ६० केजी महिला तौल समूहमा संगीता मोक्तानले कास्यपदक जितिन् । स्वच्छन्दभैरव डोजोको यो सफलताले थाहा नगरपालिकाको खेलकुद क्षेत्रमा उत्साह थपिएको बताउदै आगामी प्रतियोगिताका लागि खेलाडीलाई थप प्रेरणा मिलेको थाहा नगर खेलकुद विकास समिति संयोजक टीकाराम स्याङ्तानले बताए ।

# गुडिरहेको ट्यांकरमा आगलागी

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ मकवानपुरको हेटौंडा-१५ चुरियामाईस्थित पूर्वपश्चिम सडकखण्डमा गुडिरहेको ट्यांकरमा आगलागी भएको छ ।

बाराको अमलेखगञ्जबाट रुपन्देही जान आउँदै गरेको लु १ ख ६६०९ नम्बरको डिजेल लोड भएको ट्यांकर सोमबार दिउँसो गुडिररहेको अवस्थामा अचानक इन्जिनमा आगलागी भएको थियो । हेटौंडा उपमहानगरपालिका र अमलेखगञ्ज आयल निगमको गरी २ वटा दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । आगलागी पूर्णरुपमा नियन्त्रणमा आएको र बाटो एकतर्फी सञ्चालनमा रहेको छ ।

आगलागीबाट ट्यांकरको अगाडिको भागमा क्षति पुगेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रुपन्देहीको सैनामैना नगरपालिका-३ का ट्यांकर चालक ५८ वर्षीय कृष्णबहादुर थापा सकुशल रहेको प्रहरीले जनाएको छ ।

# पत्रकार श्रीराम अर्जुन समाजको केन्द्रीय समितिमा चयन

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ मकवानपुरमा करिब डेढ दशकदेखि पत्रकारितामा सक्रिय पत्रकार श्रीराम अर्जुन दाहाल नेपाल सहकारी पत्रकार समाजको केन्द्रीय समिति सदस्यमा निर्विरोध चयन भएका छन् ।

समाजको १५ औं वार्षिक साधारणसभाले अर्जुन खतिवडाको नेतृत्वमा बनेको नयाँ कार्यसमितिमा दाहाल सदस्य बनेका हुन् । निर्वाचन कार्यक्रम आइतबार काठमाडौंमा भएको थियो । २०६६/६७ देखि सहकारी चौतारी नामको रेडियो कार्यक्रम उत्पादन गर्दै सहकारी क्षेत्रमा पत्रकारिता गर्दै आएका दाहाल केही वर्षदेखि प्रदेश राजधानी हेटौंडामा रहेर सहकारी, वित्तीय तथा शेयर बजारलाई समेट्दै खबरसहकारी डटकम नामक अनलाइन सञ्चालन गर्दै आइरहेका छन् । सहकारीको विभिन्न कालखण्डको आन्दोलनमा सञ्चारक्षेत्रबाट योगदान पुर्‍याउँदै आएका दाहाल मकवानपुरगढी-५ मा रहेको जनहित स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाको दुई



कार्यकाल सचिव र एक कार्यकाल अध्यक्ष भई सहकारी क्षेत्रमा काम गरेका छन् ।

संस्थाको हाल सल्लाहकार रहेका दाहाल नेपाल पत्रकार महासंघ मकवानपुरका कार्यसमिति सदस्य र चलचित्र पत्रकार संघ मकवानपुर शाखाका उपाध्यक्ष रहेका छन् । सहकारी र चलचित्रको विट पत्रकारिता गर्दै आएका दाहाल सीधाखबर डटकममा २०७३ देखि सम्पादनकक्षमा रहेर काम गर्दै आइरहेका छन् । रेडियो, पत्रपत्रिका र अनलाइन मिडियामा सक्रिय रहेका दाहाल मकवानपुरको सहकारी र सहकारी क्षेत्रमा भएका गतिविधिलाई नजिकबाट नियाल्दै आइरहेका छन् ।

समाजको उपाध्यक्षमा नमिता दुलाल, सचिवमा माधवकुमार खड्का, सहसचिवमा हीराकाजी बस्नेत, कोषाध्यक्षमा प्रवीन राउत र सदस्यमा श्रीराम अर्जुन दाहाल र ईश्वर ढुंगेल चयन भएका छन् । दुई सदस्य भने पहिलो बैठकबाट मनोनित गरिने जनाइएको छ ।

# इन्द्रसरोवर तालमा गाडी खस्यो

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-१ स्थित मार्खुचौरमा शनिबार दिउँसो करिब ४:३० बजे आईचर गाडी जलासयमा खसेको छ ।

कंलकीबाट मार्खुतर्फ जाँदै गरेको बा ३ ख ३९५४ नम्बरको मिनरल वाटर (खानेपानी) बोकेको आईचर गाडी मार्खु-कंलकी सडक खण्डमा रोकी पानी झार्ने क्रममा अचानक अगाडि बढ्न गई सडकबाट करिब १५ मिटर तल इन्द्रसरोवर तालमा खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी पोस्ट मार्खुबाट प्रहरी सहायक निरीक्षक दिपेश यादवको कमाण्डमा प्रहरीटोली खटिएको थियो । हाल गाडी तालको पानीमा डुबेर बाहिरबाट नदेखिने अवस्थामा रहेको र गाडी निकाल्न आवश्यक पहल भइरहेको प्रहरीले जनाएको छ ।

आईचर गाडीका साहु ललितपुर महानगरपालिका-११, शंखमूल निवासी दिगज आमात्य रहेका छन् । गाडी चालक गोरखाको सुलीगढ गाउँपालिका-१ निवासी २१ वर्षीय सुजन परियार रहेका छन् भने सहचालक मकवानपुरगढी गाउँपालिका-३ निवासी १८ वर्षीय सुजन जिम्बा रहेका छन् । घटनामा कुनै पनि मानवीय क्षति नभएको पुष्टि गरिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घटनास्थल इलाका प्रहरी पोस्ट मार्खुबाट करिब ७ सय मिटर पूर्वतर्फ पर्दछ ।

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा**

☞ मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
☞ तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
☞ मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं ।
☞ महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं ।
☞ निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं ।
☞ आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
☞ कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।

*निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौं र गराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना